कैलाश गाउँपालिका र वाइन टु वाटर नेपालबीच सम्झौता । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-४१ ● २०८२ वैशाख १५ गते सोमबार, ● 28 April, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## छहारी युवा समाजलाई उपाधी

◆ विकास संवाददाता

थाहा नगरपालिकाको चित्लाङमा भएको प्रथम मकवानपुर जिल्लास्तरीय रनिङशिल्ड भलिबल प्रतियोगिताको उपाधी छहारी युवा समाज हेटौंडाले जितेको छ। १२ वैशाखमा भएको फाइनल खेलमा आयोजक नेपाली कांग्रेस थाहा ९ लाई पराजित गर्दै समाजले उपाधी चुमेको हो ।

विजयी भएसंगै छहारी युवा समाजले ७५ हजारसहित शिल्ड र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता काँग्रेस थाहा-९ ले ४५ हजारका साथै तेस्रो हुने सोल्टु युवा क्लवले ३० हजार र सान्त्वना हुने डाँडाबास युवा क्लवले ५ हजार रूपैयाँ प्राप्त गरेको छ ।

प्रतियोगिताका विजेता तथा उपविजेता टिमहरूलाई नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । ८ वैशाखबाट शुरू भएको प्रतियोगितामा मकवानपुर जिल्लाभरका ९ वटा टिमको सहभागिता रहेको थियो ।

पुरस्कार वितरण तथा प्रतियोगिता समापन कार्यक्रमका प्रमुख अतिथी रहेका नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले खेलकुद क्षेत्रको समग्र विकासका लागि स्थानीयदेखि संघीय सरकारले ध्यान दिनुपर्ने बताएका छन् । खेलाडीको क्षमता अभिवृद्धिका साथै उनीहरूको मनोबल बढाउँदै स्थानीयदेखि अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उभिनसक्ने बनाउनुपर्नेमा नेता बानियाँको जोड थियो ।

नेपाली कांग्रेस थाहा नगरपालिका ९ नम्बर वडा कार्यसमितिको आयोजनामा नयाँ वर्ष तथा लोकतन्त्र दिवसको अवसरमा स्वर्गीय शालिकराम मानन्धर र तेजबहादुर केसीको स्मृतिमा भएको प्रथम जिल्लास्तरीय रनिङशिल्ड भलिबल प्रतियोगिता भएको काँग्रेस ९ नम्बर वडाले जनाएको छ ।




## पालुङ क्याम्पस थाहानगरकै शैक्षिक धरोहर-प्रमुख विष्ट

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिकामा रहेको पालुङ बहुमुखी क्याम्पसका अध्यक्ष बिष्णु बहादुर बिष्टले नगरको शैक्षिक विकासको धरोहरको रूपमा रहेको पालुङ बहुमुखी क्याम्पसको शैक्षिक विकासका निम्ति महत्वपूर्ण भुमिका रहने बताउका छन् । थाहा नगरपालिकाका नगर प्रमुख समेत रहेका विष्टले क्याम्पसको विकासको लागि सक्दो सहयोग गरिरहने बाचा गरे । पालुङ बहुमुखी क्याम्पसको २२ औं वार्षिक उत्सव तथा परिषद भेलाको अवसरमा विष्टले यस्तो बताएका हुन् । 'शिक्षामा सहयोग जति गरेपनी अपुग हुने र सामुदायिक क्याम्पस टिकाउन समस्या रहेको तर समस्याको बाबजुद स्थानीयले क्याम्पस टिकाइरहेका छन्'- उनले भने ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका राजमान महर्जनले जीवन र जगतलाई बुझ्ने र समाजप्रतिको उत्तरदायित्व हुने शिक्षा नै आजको आवश्यकता भएको औल्याए । उनले आर्थिक अभावले क्याम्पस बन्द हुन नदिने बताउँदै प्रविधीमैत्री शिक्षामा जोड दिन आग्रह गर्दै यस्को लागि त्रिभुवन विश्वविद्यालय सहयोग गर्न तत्पर रहेको उल्लेख गरे। नेकपा माओवादी केन्द्रका थाहानगर अध्यक्ष बिनोद लामाले नजिकको तिर्थ हेला भन्ने उदाहरण पालुङ क्याम्पस भएको बताउदै क्याम्पसले गुणस्तरीय शिक्षा दिन्छ भन्ने सबै तिर सन्देश पुऱ्याउनू आजको आवश्यकता भएको उल्लेख गरे ।

क्याम्पस अध्यक्ष बिष्णु बिष्ट आदर्शले आफ्नो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । क्याम्पस प्रमुख राजन मिश्रले क्याम्पसको वर्तमान अवस्था र भावी योजनाको प्रतिवेदन प्रस्तुत गरे । सो अवसरमा क्याम्पसका कोषाध्यक्ष बिमल कुमार ढकालले आर्थिक प्रतिवेदन प्रस्तुत गरे ।

क्याम्पस अध्यक्ष बिष्टको अध्यक्षतामा पालुङ क्याम्पसको सभा हलमा भएको कार्यक्रममा संचालक समिती उपाध्यक्ष




सुरेन्द्रमान प्रधानले स्वागत गरेका थिए । वार्षिकोत्सव कार्यक्रममा थाहा नगरपालिका २ का बम बहादुर सिन्तान, वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, वडा नम्बर १ का कार्यवाहक अध्यक्ष सरोज प्रधान, नेपाली काँग्रेस नगर उपसभापति नवराज कार्की, राप्रपा थाहाका अध्यक्ष कुलमान तामाङ लगायतकाले शुभकामना दिएका थिए। वार्षिकोत्सवको अवसरमा विभिन्न संघसंस्थाले प्रदान गर्ने छात्रवृत्ति समेत प्रदान गरियो विषयगत उत्कृष्ट प्राध्यापक रामहारी कार्की, उत्कृष्ट अभिभावक सानुभाइ बस्नेत, उत्कृष्ट विद्यार्थी मनिषा बिष्ट र लेखापाल मधुसूदन रायमाझीलाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो । वार्षिकोत्सवको अवसरमा पालुङ क्याम्पसका स्वबियु पदाधिकारी लगायतका परिषद सदस्यहरू, क्याम्पस संचालक समितिका पदाधिकारीहरू, विभिन्न संघ संस्था तथा विद्यालयका प्रधानाध्यापकहरू, प्राध्यापक ,विद्यार्थी हरूको उपस्थिति रहेको थियो ।

## प्रदेश आयोजना बैंक कार्यान्वयन प्रक्रिया शुरू

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले आयोजना बैंक सञ्चालनका लागि मन्त्रालयहरू मार्फत प्रक्रिया शुरू गरिएको छ । ११ वैशाखमा प्रणाली सम्बन्धी अभिमुखीकरण तथा हस्तान्तरण गर्दै योजना बैंकमा योजना प्रविष्ट गर्ने कार्य अघि बढाएको छ । प्रदेशको नीति तथा योजना आयोगले बागमती प्रदेशका १४ मन्त्रालयका महाशाखा र योजना शाखाका कर्मचार ीहरूलाई एक दिने अभिमुखीकरण र सिस्टम हस्तान्तरण कार्यक्रमको आयोजना गरेको हो ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री एवं आयोगका अध्यक्ष बहादुर सिंह लामा तामाङले प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै योजना बैंक कार्यान्वयनमा ल्याउने बताए । कार्यक्रममा विभिन्न मन्त्रालयका महाशाखा प्रमुख र योजना शाखाका कर्मचारीलाई आयोजना बैंकको सञ्चालन तथा व्यवस्थापन तथा योजना प्रविष्ट गर्ने प्रक्रिया, योजनाको सपोर्टिङ डकुमेन्टको व्यवस्थापन बारेमा जानकारी गराइएको थियो ।

आयोजना बैंकको औचित्य र सोको कार्य सञ्चालन, योजना प्रविष्टीकरण विधि, प्राथमिकीकरण सम्बन्धमा प्रदेश मन्त्रालयका सचिव र कर्मचारीहरूलाई जानकारी गराइएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपालले जानकारी दिए ।



## • सम्पादकीय •

### आन्तरिक आय बढाउन स्थानीय पर्यटन

संघीयता कार्यान्वयनसगै स्थापित स्थानीय तह अर्थात् गाउँपालिका वा नगरपालिकाहरूको पर्यटकीय क्षेत्रहरूको पहिचान गरी सूची तयार गरिएको अवस्था छैन । योजनाबद्ध पर्यटकीय गतिविधि सञ्चालन गर्ने गरिएको पाइदैन । पर्यटकीय सम्पदाहरूको संरक्षण गरी पर्यटकीय उपभोग सम्बन्धी योजना र कार्यक्रम तयार गर्न सकिएको छैन । पर्यटन क्षेत्रमा स्थानीय समुदायको संलग्नतामा पर्यटन व्यवसायलाई सेवा उद्योगको रूपमा विकास गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने पर्याप्त कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । पर्यटन पूर्वाधार विकास गर्दा एकीकृत पूर्वाधार (सडक, खानेपानी, विद्युत्, सञ्चार, सरसफाइ आदि) विकासको अवधारणा तथा 'पर्यावरणमैत्री पूर्वाधार विकास' को योजना अनुसार कार्यक्रम तयार गर्न सकिएको छैन । स्थानीय पर्यटनको सम्भावनालाई क्षेत्रगत रूपमा विविधीकरण गरी स्थानीय पर्यटन सम्बन्धी गतिविधि सञ्चालन गर्न सकिएको छैन । होमस्टे (घरबास) व्यवस्थापन तथा प्रवर्द्धन गर्न योजनाबद्ध र प्रभावकारी क्रियाकलाप सञ्चालन गरी बाहृय र आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिएको छैन । अन्तरसरकारी, निजी तथा गैर–सरकारी क्षेत्रसँग समन्वय गर्न व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्था नभएकाले अवसर सिर्जना र दायित्व वा स्वामित्व ग्रहण गर्न अधिकारसम्पन्न स्थानीय संयन्त्र बनाउन सकिएको छैन ।

स्थानीय सरकारले पर्यटनलाई नागरिकको जीविकोपार्जन तथा रोजगारीसँग जोडेर पर्यटन नीति र पर्यटन विकासको गुरुयोजना तयार गर्न सक्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) को बुँदा ११ र १२ मा पर्यटन क्षेत्रको विकास विस्तार र प्रवर्द्धन सम्बन्धी एवं नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्न सक्ने भनी तोकेको छ । संघ, प्रदेश र स्थानीय तह–समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा ४ उपदफा ३ (ग र घ) अनुसार 'राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने' तथा 'प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने' विषय उल्लेख छ । यी दुई कानुनी आधारमा पर्यटन नीति तयार गर्न सकिन्छ । स्थानीय सरकारले आफ्नो क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न स्थानीय पर्यटन गुरुयोजना तयार गरेर पर्यटनलाई क्रमिक रूपमा विकास र विस्तार गर्न सक्छ । ग्रामीण पर्यटनको माध्यमबाट उद्यमी, व्यवसायी, बेरोजगार र विपन्न वर्ग एवं समूह स्थानीय क्षेत्रको आर्थिक विकासमा संलग्न गराउन सकिन्छ । स्थानीय पर्यटन नीति र गुरुयोजना निर्माण गर्दा स्थानीय प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधता, सांस्कृतिक धरोहर, धार्मिक स्थल, पुरातात्विक सम्पदा, स्मारक, संग्रहालय र ऐतिहासिक स्थान तथा मानव निर्मित सम्पदालाई पर्यटनको आधारको रूपमा लिनुपर्दछ ।

ग्रामीण पर्यटनमा स्थानीय समुदायको दायित्व र स्वामित्व स्थापित हुनुपर्दछ र गुणस्तरीय सेवा प्रतिस्पर्धात्मक हुनुपर्नेछ । प्रतिस्पर्धाले पर्यटन व्यवसाय व्यवस्थित बन्नेछ । पर्यटनले व्यवसायको रूप र आकार ग्रहण गरेपछि बाहृय र आन्तरिक दुवै पर्यटकको आगमनमा वृद्धि हुनेछ । समग्रमा पर्यटकको वृद्धि भई स्थानीय नागरिकको जीविकोपार्जन र रोजगारीमा बढोत्तरी हुनेछ साथै स्थानीय सरकारको राजस्व पनि वृद्धि हुनेछ । यसतर्फ स्थानीय तहहरुले योजना निर्माणकै बखत पनि ध्यान दिनु पर्दछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकास पुग्दा पनि मानिसले किन गाउँ छोडे ?



◆ केशव आचार्य

हरेक मानिसको प्राकृतिक जन्मको स्थिति समान रहे पनि जन्मेपछि प्राप्त गरेको वातावरणका आधारमा मानवीय व्यवहार परिवर्तन हुने हो । तर पनि प्राकृतिक जन्मका आधारमा सबै मानव जाति समान छन् । यस समान मानवीय मूल्य र मान्यतालाई असमान बनाउने काम आर्थिक पक्षले गरिरहेको हुन्छ । आज आर्थिक पक्षकै कारण समाजमा अन्याय, अत्याचार र अधर्म, दास र मालिक, हुने खाने र हुँदा खानेबीचको अन्तर बढिरहेको छ । कमजोर आर्थिक अवस्था भएकामाथि उच्च आर्थिक अवस्था भएकाबाट हुने अन्यायले समाजमा दिनानुदिन द्वन्द्व सृजना गर्दै लगिरहेको छ ।

राज्यका नागरिकलाई समान अवसर प्रदान गरी कल्याणकारी राज्यको परि कल्पनामा पुग्न समान आर्थिक न्यायको जरूरी छ । यसले मानवीय समानता प्रदान गर्न मद्दत गर्छ । आर्थिक स्रोतसाधनको समान वितरण समानता हो । समान विशेषता भएका विषयवस्तुमा समान अवसर प्रदान गर्दा सामाजिक एकता बढ्छ । समानताको सिद्धान्त प्रयोग गर्दा एकताको भावना बढोत्तरी हुन्छ । समता असमान व्यवहार हो, तर यसले समानतामा जोड्न पहल गरिरहेको हुन्छ । अवसर नै नभएकालाई बढी अवसर प्रदान गरेर अवसर पाइरहेको दाँजोमा ल्याउँदा अवसर समानताको स्तरमा आइपुग्ने हुँदा राज्यले आफ्ना नागरिकको स्तर हेरेर समानता र समता दुवै सिद्धान्तलाई अवलम्बन गर्छ ।

समाज स्थान र व्यक्तिविशेषमा, समान–समानबीचमा समान नै व्यवहार र असमान–असमानबीचमा असमान नै व्यवहार गर्दा सामाजिक न्याय हुन्छ । आजको विश्वमा सामाजिक न्यायको आवश्यकता छ । सामाजिक न्यायको प्रत्याभूति निश्चित गर्न सरकार निरन्तर लागिरहेको हुन्छ र कार्य पनि उसैको हो । सरकार निष्पक्ष न्यायमूर्ति हो, जसले न्याय र अन्यायको लेखाजोखा गर्छ र सामाजिक न्यायिक स्वतन्त्रता प्रदान गर्छ । समाजको आफ्नै विशेष संस्कार, संस्कृति, चालचलन, भ्रातृत्व, मातृत्व र स्वतन्त्र मौलिक संस्कृति हुन्छन् । यिनले समाजलाई न्याय प्रदान गरी सामाजिक सहिष्णुता उजागर गर्छन् ।

आर्थिक न्यायले देशमा उपलब्ध स्रोतसाधनको समुचित उपयोग गरी राष्ट्रिय आयमा बढोत्तरी गर्छ । स्रोतसाधनलाई खेर जानबाट रोकी वैकल्पिक प्रयोजनमार्फत प्रशस्त रोजगारीको सृजना गर्छ । मानिसले आफ्नो योग्यता, क्षमता र सीपको आधारमा समाजमा आर्थिक क्रियाकलाप गर्ने अवसर प्राप्त गर्छ । अप्राकृतिक विचारले नयाँ खोजमूलक वस्तुको उत्पादनलाई प्रभावित बनाउँछ, घटाउन सक्छ । श्रमको मूल्य, कामको विभाजन, गुणस्तरीय जीवन आर्थिक न्यायसँग जोडिएका सूचक हुन् । यिनको दुरूपयोगले सामाजिक द्वन्द्व र हिंसा सृजना गर्छ । आर्थिक न्यायिक समानता सरकारमा गएका जनप्रतिनिधिहरूको गुणस्तरले निर्धारण गर्छ ।

आम नागरिकले जनप्रतिनिधिको गुणस्तरलाई ध्यान दिनुपर्छ । यदि गुणस्तरहीन जनप्रतिनिधि छनोट गर्न पुगियो भने देशमा आर्थिक न्याय मर्छ । जनप्रतिनिधिहरू आफ्नो व्यक्तिगत स्वार्थमा सार्वजनिक स्रोतसाधनको चरम दुरूपयोग गर्न पुग्छन् । आफूलाई कानुनभन्दा माथि राख्छन्, खर्च गरेर आफ्नो गुणगान गाउन लाउँछन् । विरोध गर्नेहरूलाई समाप्तै हुने गरी फसाउँछन्, आफूहरू भोगविलासको जीवन जिउँछन् । भ्रष्टाचार गरेर अघाउँदैनन्, आलोपालो गरी देशलाई चुसिरहन्छन् । वास्तवमा नेपालको वर्तमान अवस्था यसै परिवेशको भुमरीमा घुमिरहेको देखिन्छ । आजभोलि गाउँघरमा एमाले, कांग्रेस, माओवादी, राप्रपा... छ, तर गाउँमा बस्ने नागरिक छैनन् । पालिका, वडामा यिनै दलको हालीमुहाली छ, उनीहरू नै भागबन्डामा गाउँमा गएका विकास चुसिरहन्छन् ।

गाउँघरको विकासलाई चुसेर जम्मा गरेको रकम सहरमा थुपारिरहेका छन् । गाउँमा पुनः लगानी गरिरहेका छैनन् । छोराछोरी सहरमा पढाउन, घरजग्गा जोड्न उनीहरूले गाउँको पैसालाई सहरमा निर्यात गरिरहेका छन् । वित्तीय कारोबार कम हुने गाउँमा उनीहरूले थप वित्तीय संकट सृजना गरिरहेका छन् । गाउँमा सबै विकासका आयोजना पुगे, तर पनि मानिसहरूले गाउँ छोडे । राजनीतिक बिल्ला लगाएका बिचौलियाहरूको चलखेलले सत्यमा उभिएकाहरूलाई लुटिरह्यो । उनीहरू लुटिनबाट जोगिन सहर पस्न थाले । बरू एउटा कोठामा खाँदिएर बसे, गाउँको उत्पादन सहर ल्याएर खाए तर गाउँ फर्किन चाहेनन् । जसले गाउँमा लगानी गर्नै चाहेनन्, गाउँमा पुनः लगानी भएन ।

नेपालको सन्दर्भमा आर्थिक न्याय व्यवस्था परिवर्तनसँगै मर्दै गयो । आर्थिक न्याय गर्ने नारा बेचेर राजनीतिज्ञहरू चरम भ्रष्टाचारमा लागे, राजनीतिक इमानदारिता गुमाए र अन्ततः सरकारलाई नै कलंकित बनाए । विश्वव्यापी माहामारीपछि शिथिल बन्दै गएको अर्थतन्त्रमा ठूलो धक्का नदिएसम्म अर्थतन्त्र झनै जर्जर बन्दै जान्छ र गइरहेकै छ । यसबाट उन्मुक्ति पाउनका लागि बढी लगानी जरूरी हुन्छ । लगानी उत्पादनमूलक क्षेत्रमा गरियो भने यसले अर्थतन्त्रलाई चलायमान बनाउँछ । यदि त्यसो गरिएन भने बजारमा मुद्रास्फीति देखापर्छ । अधिक मुद्रास्फीतिले मुद्राको क्रय क्षमतालाई क्षय गर्दै लैजान्छ । यसले नैतिक व्यापारलाई अँगाल्न सक्दैन, अनुशासन र न्यायिक अर्थतन्त्रको विकास गर्दैन ।

अब यस्ता क्रियाकलापलाई रोक्न इमानदारी, जिम्मेवारी, सदाचारी, समझदार व्यक्तित्वहरूको आवश्यकता छ । यी समस्याबाट उन्मुक्ति पाउन सर कारले निरंकुश कदम पनि उठाउनुपर्ने हुन सक्छ । राष्ट्रिय हितका लागि उठाइएको कदम निरंकुश हुँदैन, बहादुरी हुन्छ । आगामी दिनमा समान आर्थिक न्याय प्रदान गर्न देशलाई अत्यन्त माया गर्ने, जनभावना बुझ्ने जनप्रतिनिधिहरूको सरकार हुनुपर्छ । जसले समता र समानता दुवै पक्षलाई कल्याण हुने गरी न्यायको प्रयोग गरोस् । विदेशमा गरिएको व्यक्तिगत लगानी र विदेशी बैंक–वित्तीय संस्थामा जम्मा गरिएको रकम सरकारले ल्याएर उद्योगधन्दामा लगाई रोजगारी सृजना गर्नुपर्छ । अधिकरणबाट प्राप्त सरकारसँग बाँकी रहेको सम्पत्ति यी तीनै तहका नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको ग्यारेन्टी हुने क्षेत्रमा सरकारले लगानी गर्नुपर्छ । यी सबै नागरिकलाई आफ्नो श्रम, सीप, खुबी प्रयोग गरेर न्यायिक आम्दानी गर्ने अवसर सरकारले प्रदान गर्नुपर्छ । सरकार सुविधा प्रदायक र नियन्त्रक दुवै हुनुपर्छ । सरकारको यस कदमले सामाजिक–आर्थिक न्याय प्रदान गरी नागरिकमा रहेको दरिद्रता अन्त्य हुन्छ । गरिबीको रेखामुनि रहेका जनसंख्यामा उत्पादकत्वको ऊर्जा सृजना हुन्छ । तिनीहरूमा विद्यमान ईर्ष्या, द्वेष, शंका, डर समाप्त हुन्छ । जीवन सुरक्षित भएको महसुस गर्छन् र सुरक्षित राख्न पहल गरिरहन्छन् ।

मध्यमवर्गमा धनीको मात्र सिको गर्ने प्रवृत्ति नष्ट हुन्छ र खाली पेट लिएर पनि हाईफाई देखाउने सोच परिवर्तन हुन्छ । धनी वर्गमा विद्यमान शोषण र धनले सबै गर्न सकिन्छ भन्ने सोच बिलाएर जान्छ । देशका मानिसहरूलाई गरिबीले रैती बनाउने हो । आधारभूत आवश्यकताको ग्यारेन्टी भएपछि मानिसले सोचविचार, विमर्श गर्न थाल्छ, जसले गर्दा उत्पादनमा सकारात्मक परिवर्तन आउँछ । सरकारले मानिसको सीप, योग्यता, अनुभवका आधारमा श्रम विभाजन गरी उत्पादन कार्यमा लगाउँदा उत्पादन तीव्र गतिमा हुन्छ । राष्ट्रिय आय वृद्धि हुन गई प्रतिव्यक्ति आय उच्च हुन पुग्छ । आम नागरिकको जीवनस्तरमा बढोत्तरी हुन पुग्छ, सरकारमाथिको जनविश्वास बढ्न जान्छ । आफ्नो सीप र दक्षताको सकारात्मक प्रतिस्पर्धा हुन गई नयाँ प्रविधि र वस्तुको आविष्कार हुन्छ । यसले जनतालाई सफल बनाउँछ, सफल जनताले सफल राज्य बनाउँछ, सफल राज्यले सफल सरकार बनाउँछ ।

आर्थिक न्याय स्रोतसाधनमा गरिने समान वितरण हो । यो प्रभावकारी सर कारको सक्षमतामा निर्भर गर्छ । हरेक मानिसलाई छोटो समयमा नै आर्थिक पक्षले विकृत बनाउँछ । यसमा पारदर्शिता, इमानदारिता र उत्तरदायित्वको बोधले मानिसलाई सतर्कता प्रदान गर्छ । कर्तव्य र धर्मले मानिसलाई गलत बाटोबाट रोक्छ । सरकार र सरकारइतरका व्यक्तिमा धर्म र कर्तव्यको बोध भएमा अबका दिनमा आर्थिक विचलन रोकिन्छ । अर्थतन्त्रले न्याय पाउँछ, निम्न वर्गका मानिसहरूको जीवनरक्षा हुन्छ । आर्थिक न्यायले अर्थतन्त्र सबल हुन्छ, सबल अर्थतन्त्र सक्षमताको परिचायक हो ।

# महिनावारी भएको कति दिनपछि गर्भ बस्छ ?

महिनावारी भएको कति दिनपछि गर्भ बस्ने सम्भावना हुन्छ ? यो जिज्ञासा अस्पताल आउने धेरै दम्पतीको हुन्छ । महिनावारी चक्रको विभिन्न चरणले नै महिलाको शरीरमा हुने जैविक परिवर्तन र गर्भधारणको सम्भावना निर्धारण गर्छ । महिना चक्र सामान्यतया २८ दिनको हुन्छ । कसैको बढीमा ३५ दिनको पनि हुनसक्छ ।

यही मितिलाई नै आधार मानेर गर्भ र हने समय कहिले उच्च छ भनेर अनुमान गर्न सकिन्छ ।

## कति दिनपछि गर्भ रहन्छ त ?

सामान्यतया महिनावारी भएको १४ दिनपछि यौन सम्बन्ध राखेमा गर्भावस्थाको सम्भावना धेरै हदसम्म बढ्छ । किनभने अण्डाशयबाट अण्डा निस्कने सही समय महिनावारी चक्र समाप्त भएको १४ दिनपछि हो । गर्भ रहन वीर्यको मिलन अण्डासँग हुन जरूरी छ ।

अण्डाशयबाट निस्कने अण्डा १२ देखि २४ घण्टासम्म बाँच्न सक्छ । सो समयभित्र यौन सम्पर्क भएमा शुक्रकीटले यसलाई निषेचन गर्छ, जसले गर्दा गर्भावस्था हुन्छ । महिलाको शरीरमा वीर्य तीन दिनसम्म जीवित रहन्छ । यस्तोमा अण्डा ननिस्किएको दुई दिनअघि यौन सम्बन्ध राखे पनि गर्भ रहने सम्भावना बढी हुन्छ ।

## गर्भ बस्ने प्रक्रिया

महिनावारीपछि प्रत्येक महिना महिलाको अण्डाशयबाट एउटा अण्डा निस्किन्छ । अण्डा उत्पादन भइरहेको समयमा यौन सम्पर्क हुँदा शुक्रकीटले अण्डालाई निषेचन गर्न सफल हुनसक्छ । र, निषेचित अण्डा पाठेघरमा पुग्छ, तब गर्भ रहन्छ ।

यो प्रक्रियाका लागि शुक्रकीट योनी र पाठेघर हुँदै डिम्ब नलीमा पुग्नु आवश्यक छ । निषेचन प्रक्रियापछि मात्र अण्डा कोषले डिम्बबाहिनी नलीको मद्दतले अण्डाशय छोड्छ । र, आफ्नो सही स्थान अर्थात् गर्भाशयमा पुग्छ ।

## गर्भधारणका लागि सही समय

यस्तो कुनै समय हुँदैन, जुन गर्भावस्थाका लागि सुरक्षित भन्न सकियोस् । महिनावारीको पहिलो दिनदेखि दशौं दिनसम्म गर्भधारणको सम्भावना धेरै कम हुन्छ । १२ देखि १८ दिनको अवधिमा भने गर्भधारणको सम्भावना उच्च रहन्छ ।

## अण्डा निस्किने समय पत्ता लगाउने एप कति विश्वसनीय ?

याद गर्न सहज होस् भन्ने हिसाबले केही ओभुलेसन एपहरू पनि बनेका छन् । संसारभर ४०० भन्दा बढी प्रजनन एपहरू प्रयोग भइरहेका छन् । यी एपहरूलाई 'फ्यामटेक' नाम दिइएको छ । ती एप मार्फत ओभुलेसन कहिले हुन्छ भनेर थाहा पाउन सकिन्छ ।

एपमा महिनावारीको दिन रेकर्ड गर्ने क्यालेन्डर हुन्छ । जसको मद्दतले महिलालाई डिम्बाशय निस्कने समय थाहा पाउन सजिलो हुन्छ । यी एपहरू कति सही छन् भन्ने बारेमा धेरै प्रश्न उठेका छन् । ती एपहरूमा भएका अध्ययनले मात्र ४२.७ प्रतिशत एपले मात्र अण्डाशय निस्किने मिति बताउन सक्षम रहेको उल्लेख गरेको छ । अस्ट्रेलियाका



अनुसन्धानकर्ताले ३६ वटा प्रजनन् एपहरूको अनुसन्धान गरेकोमा केवल ४२.७ प्रतिशत एपहरूले सही ओभुलेसन मिति बताउन सक्षम रहेको पुष्टि गरेको थियो ।

यही समयमा वाशिङ्टनको जर्जटाउन विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले ३० वटा एपको अध्ययन गरे । जसमध्ये २४ वटा एपले गलत मिति दिएका थिए ।

यी एपको पछि लाग्नुभन्दा गर्भयोजना बनाइरहेका दम्पतीले क्यालेन्डरमा नै महिनावारी मिति चिन्ह बनाई दिन गन्न सकिन्छ । दिन गनेर अण्डा रिलिज हुने दिन वरपर शारीरिक सम्पर्क गर्दा गर्भ बस्ने सम्भावना उच्च रहन्छ ।

## अण्डा निस्किने समयमा महिलामा यौन इच्छा बढ्छ

अधिकांश महिलालाई अण्डा निस्किने केही दिन अघि शारीरिक सम्बन्ध बनाउने इच्छा तीव्र हुनसक्छ । वास्तवमा महिलामा एस्ट्रोजन हर्मोनको स्तर अण्डा निस्कने केही दिनअघि तीव्र रूपमा बढ्छ ।

यही हर्मोन हो, जो यौन इच्छा बढाउनमा भूमिका खेल्छ । यो हर्मोनको स्तर बढ्नाले महिलामा सम्बन्ध बनाउने इच्छा अन्य समयको भन्दा बढी हुन्छ । यसबारे क्यानडाको एक विश्वविद्यालयमा अध्ययन नै भएको छ । सो अध्ययनअनुसार अण्डा निस्किने तीन दिन पहिला महिला एक दिनमा औसतमा १.३ पटक सोच्ने गर्छिन् । जबकि अन्य समयमा दिनमा औसतमा ०.७७ पटक सोच्छिन् ।

# कुन तरिकाले सुत्नु फाइदाजनक ?

दिनभरको दौडधुप अनि कामको बोझले गर्दा हामी शारीरिक मानसिक दुवै तरिकाले थकित हुन्छौँ । ती थकान मेट्न हाम्रा लागि आनन्दको निद्रा आवश्यक हुन्छ । आनन्दको निद्राका लागि शान्त वातावरण र आरामदायी सुत्ने ठाउँ त चाहिन्छ । यति मात्रै नभएर सुत्ने तरिका पनि सही हुनुपर्छ । कसरी सुत्दा सहज हुन्छ भन्ने कुरा मान्छेको बानीमा पनि निर्भर हुन्छ । कोही कोल्टे परेर सुत्दा आनन्द मान्छन् भने कोही उत्तानो परेर सुतिरहेका हुन्छन् । कसैकसैलाई खुट्टा पसारेर सुत्न मनपर्छ । कोही घुँडा खुम्च्याएर सुत्दा सजिलो महसुस गर्छन् ।

सुत्ने सही अवस्था (पोस्चर) पत्ता लगाउन शोधकर्ताहरूले विभिन्न प्रविधिहरू प्रयोग गरेका छन् । उनीहरूले मानिसहरूलाई सुतिरहेको अवस्थामा विभिन्न सेन्सर र ब्याण्ड लगाएर उनीहरूको गतिविधि निगरानी गरे । हङकङमा शोधकर्ताहरूले 'ब्ल्याङ्केट एकोमोडेटिभ स्लीप पोस्चर क्लासिफिकेशन सिस्टम' नामक प्रविधि विकास गरिरहेका छन्, जसमा इन्फ्रारेड क्यामेराको प्रयोग गरिएको थियो । यो प्रविधिले बाक्लो कम्बल ओढेर सुत्दा पनि निद्राको ढाँचा पत्ता लगाउन सक्छ । सामान्यतया, सानो हुँदा हामी धेरैजसो उत्तानो परेर सुत्न रूचाउँछौं । तर, उमेर बढ्दै जाँदा धेरैजसो मानिसलाई कोल्टे फर्किएर सुत्ने बानी हुन्छ ।

सुत्दा हाम्रो शरीरले आफूलाई पुनर्जनन गर्छ, त्यसैले सुत्ने तरिका ठीक नभएमा शरीरले आराम नपाउने चिकित्सकहरू बताउँछन् । हाम्रो जीवनको एक तिहाइ हिस्सा सुतेर बित्छ, त्यसैले निद्राको गुणस्तरले हामीलाई स्वस्थ र ऊर्जावान राख्न महत्त्वपूर्ण भूमिका खेल्छ । प्राकृतिक रूपमा हाम्रो शरीरले जुन अवस्थामा आराम पाउँछ, त्यही अवस्थामा हामी



सुतिरहेका हुन्छौँ ।

डेनमार्कमा भएको एक अध्ययनमा शोधकर्ताहरूले सुत्न रूचाइएको तरिका पत्ता लगाउन केही मानिसमा स्लीप डिटेक्टर लगाए । यो अध्ययनको नतिजामा करिब ५० प्रतिशत मानिस कोल्टे फर्किएर, ३८ प्रतिशत उत्तानो परेर र ७ प्रतिशत घोप्टो परेर सुत्न रूचाउँछन् ।

चिकित्सकहरूका अनुसार घोप्टो परेर सुत्नु भन्दा उत्तानो, कोल्टे सुत्नु लाभदायक हुन्छ । कम्मर, मेरूदण्ड दुख्ने समस्या भएका, गर्भवती महिला तथा वृद्धहरू कोल्टे फर्किएर सुत्न राम्रो हुन्छ । एसिड रिफ्लक्सको समस्या भएकाहरूले घुँडा धेरै खुम्च्याएर नसुत्न चिकित्सकहरूको सुझाव छ ।

चिकित्सकहरूका अनुसार घाँटी वा काँधमा धेरै दुखाइ छ, वा अनुहारमा चाउरीपनको समस्या छ भने उनीहरूले उत्तानो परेर सुत्नु राम्रो हुन्छ । लामो समय कोल्टे फर्किएर सुत्दा घाँटी र काँधमा समस्या आउन सक्छ। आधा अनुहार तकियामा दबिँदा चाउरीपनको समस्या बढ्न सक्ने चिकित्सकहरू बताउँछन् । जसलाई रूघाखोकी, साइनस वा एसिड रिफ्लक्सको समस्या छ, उनीहरूले तकिया अलि अग्लो राखेर सुत्नुपर्छ । कोल्टे फर्किएर सुत्दा श्वासनली खुला रहन्छ, जसले राम्रो निद्रा ल्याउँछ । धेरै घुर्नेहरू उत्तनो वा घोप्टो परेर नसती कोल्टे फर्किएर सुत्न उपयुक्त हुन्छ ।

## कति समय सुत्ने ?

अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्रका अनुसार, १८ देखि ६० वर्षका वयस्कले दैनिक ७–८ घण्टा सुत्नुपर्छ । ६१–६५ वर्षका व्यक्तिले ७–९ घण्टा सुत्नुपर्छ । निद्रा पुग्छ कि पुग्दैन कुरा भन्ने कति गहिरो निद्रामा सुतेको छ, त्यसमा पनि निर्भर हुने विज्ञहरूको भनाइ छ ।

विज्ञहरूका अनुसार यदि निद्राको ढाँचा ठीक छैन, गहिरो निद्रा छैन, सपना देख्ने अवस्था छैन र निद्रामा सन्तुलन छैन भने निद्रापछि पनि थकित नै महसुस हुन्छ । आरामदायी निद्रा नहुँदा थकान, रिस र बिर्सने समस्याहरू हुनसक्छ ।

## कहिले डाक्टरको सल्लाह लिने ?

यदि हामीलाई निद्रा लाग्दैन, निद्रा खराब छ, ब्यूँझिदा ताजा महसुस हुँदैन, शरीरमा थकान रहन्छ, दिनमा पनि सुतिर हन मान लाग्छ वा धेरै घुर्ने बानी छ भन् भने चिकित्सकसँग सल्लाह लिनुपर्छ ।

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# लागूऔषधका गतिविधिमा मकवानपुर 'रेड जोन'मा, नौ महिनामै १९३ जना पक्राउ

◆ विकास संवाददाता

लागूऔषध उत्पादन, सेवन र बिक्रीमा देशमै नाम कहलिएको मकवानपुरमा चालु आर्थिक वर्ष २०८१/८२ को चैतसम्ममा १९३ जना पक्राउ परेका छन् । अघिल्लो आर्थिक वर्ष २०८०/८१ म २४९ जना पक्राउ परेकोमा यो आर्थिक वर्षको नौ महिनामा १९३ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकले देखाएको छ । १२६ वटा लागूऔषधको मुद्दामा १८१ पुरूष र १२ महिला गरी १९३ जनालाई पक्रेको हो ।




यस आर्थिक वर्ष लागूऔषध मुद्दामा १६९ नेपाली पुरूष र १२ विदेशी पुरूष पक्राउ पर्दा ११ नेपाली महिला र एक विदेशी महिला मकवानपुरबाट पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

मकवानपुरमा लागूऔषधको कारोबार र सेवन भयावह र डरलाग्दो अवस्थामा रहेको उनले बताए । 'अघिल्लो आर्थिक वर्षमा १५८ वटा लागूऔषधको मुद्दामा २४९ जनालाई पक्रेकोमा चालु आर्थिक वर्षमा १९३ जनालाई पक्रिसकेका छौं', प्रवक्ता अर्यालले भने, 'पक्राउ परेका अधिकांश युवाहरू रहेका छन् ।' पक्राउ परेकामध्ये ८० प्रतिशत मानिस ३५ वर्षभन्दा कम उमेर समूहको रहेको बताइएको छ । किशोरीको संलग्नता पनि बढ्दो क्रममा रहेको अर्यालले जानकारी दिए । 'लागूऔषध ओसारपसार तथा सेवनमा १४/१५ वर्षका किशोरी समेत पक्राउ परेका छन् । लागूऔषधको मामलामा मकवानपुर 'रेड जोन' मा रहेको छ', जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता अर्यालले भने । मकवानपुरका अधिकांश लागूऔषध प्रयोगकर्ताले ब्राउन सुगर सेवन गर्ने गरेको प्रहरीले बताएको छ । अफिम सेवन गर्नेहरू यहाँ खासै नरहेको उनले बताए ।

'मेडिकल औषधिजन्य लागूऔषध र ब्राउन सुगरको सेवनकर्ता बढी रहेको छ', उनले थपे, 'अफिम खाने खासै पाइएको छैन । गाँजा खाने पनि निकै कम छ ।' प्रहरीले प्रत्येक दिनजसो जिल्लाको विभिन्न स्थानबाट लागू औषधसहित मानिस पक्राउ गरिरहेको छ । लागूऔषधको विषयमा सबैले आ-आफ्नो तबरबाट जनचेतना फैलाउन जरूरी रहेको प्रहरीको भनाइ छ ।

'हामीले मात्र चाहेर लागूऔषध न्यूनीकरण हुँदैन । परिवारदेखि सचेतना जरूरी छ', जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख (प्रहरी उपरीक्षक) विश्वराज खड्काले भने । प्रहरीले लागूऔषध फँडानी, चेकिङमा कडाइ र जनचेतना अभियान सञ्चालन गरिरहेको भएपनि मकवानपुरमा यसको उत्पादन, ओसारपसार र सेवनमा कुनै कमी नआएको उनको भनाइ छ ।

# कैलाशले थाल्यो पूर्ण खोप सुनिश्चिताको घोषणाको तयारी

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाका वडा तहमा रहेका स्वास्थ्य संस्थाहरूले पूर्ण खोप सुनिश्चिताको घोषणाको तयारी थालेका छन् । ११ वैशाख भएको पालिका स्तरीय खोप समीक्षा कार्यक्रममा बैशाख ३० गते भित्र १० वटै स्वास्थ्य संस्थाले वडालाई पूर्णखोप सुनिश्चिता घोषणाको तयारी गरेका छन् ।




गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षमा भएको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मुक्ताले विगतको वर्ष भन्दा गतवर्षबाट गाउँपालिकाका स्वास्थ्यका सूचकहरू पूरा हुँदै आइरहेको बताए । वडा तहमा रहने स्वास्थ्यकर्मी, महिला स्वंयसेविकाहरूको अथक मेहनतले स्वास्थ्य क्षेत्रमा फड्को मार्दै आइरहेको बताए ।

हामीमा होम डेलिभरीको संख्या बढ्दो, उनीहरूलाई सुरक्षित स्वास्थ्य संस्थामा नै डेलिभरीको वातावरण सिर्जना गर्न निर्देश गर्दै जन्मेको दिन देखी पाँचवर्ष पुरा रहुन्जेल लगाईने खोपको मात्रा पुरा भएकै कारण खोप सुनिश्चिता घोषणाको तयारी गरिन लागिएको अध्यक्ष मुक्तानले बताए । विकट अवस्थामा रहेको स्थानीय तहमा पनि भौतिक विकास जस्तै स्वास्थ्य क्षेत्रमा भएको परिवर्तन, सूचकहरू पुरा हुनुपनि एक किसिमको विकास रहेको अध्यक्ष मुक्तानले बताए । पूर्ण खोप घरधुरी सर्वेक्षण पश्चात पालिका स्तरीय समीक्षा बैठक राखिएको स्वास्थ्य शाखा प्रमुख कृष्णकुमार यादवले बताए । खोप क्लिनिक र गाउँघर क्लिनिक सञ्चालन समेत गर्दै आइरहेका छौं, घरघरमा खोप कार्ड हेर्नुका साथै सबै किसिमका खोप लगाएको या नलगाएको सर्वेक्षण गरेका छौं, प्रमुख यादवले भने ।

बैशाख २५ गते देखी ३० गते भित्रमा आवश्यक मापदण्ड पुरा गरि पूण खोप सुनिश्चिता घोषणाको तयारी गर्न प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठले निर्देशन गरेका छन् । पाँच दिन भित्र १० वटै स्वास्थ्य संस्थाले घोषणा गरे पश्चात आवश्यक पत्रिया पुरा भएपछि गाउँपालिका घोषणा गरिने श्रेष्ठले बताए ।

# बकैया र दक्षिण कोरियाको बुय-गुनबीच भगिनी सम्बन्ध



◆ विकास संवाददाता

मकवानपुर जिल्लाको पूर्वी क्षेत्रमा पर्ने बकैया गाउँपालिका र दक्षिण कोरियाको बुय-गुन पालिकाबीच भगिनी सम्बन्ध कायम गर्न लागिएको छ ।

रूकोरियन कल्चर सेन्टरका प्रतिनिधि मुन यङ सुसहितको प्रतिनिधिहरूसँग बकैया गाउँपालिकामा बुधबार छलफलसहित बकैया गाउँपालिका र बुय-गुन पालिकाबीच भगिनी सम्बन्ध कायम गर्न प्रस्ताव गरिएको हो ।

बकैया गाउँपालिका र बुय-गुन पालिकाबीच बकैया गाउँपालिकालाई कृषि, पर्यटन, शिक्षा र प्रविधि हस्तान्तरणको क्षेत्रमा सहयोग गर्ने गरी भगिनी सम्बन्ध कायम गर्न लागिएको बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले बताए ।

सो अवसरमा कोरियन कल्चर सेन्टरका अध्यक्ष मुन यङ सुलाई भगिनी सम्बन्ध कायम गर्नका लागि सहजीकरण गरिदिन अनुरोध गर्ने निर्णयसहित अध्यक्ष लामिछानेले कोरियन कल्चर सेन्टरका प्रतिनिधिलाई अनुरोधपत्र हस्तान्तरण गरेका थिए ।

# हेटौंडा उपमहानगरमा दुईवटा पुल उद्घाटन

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका भित्रका तीन वटा वडा जोड्ने दुई वटा पुलको निर्माण सम्पन्न भएको छ । हेटौंडा उपमहानगरपालिककी प्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँले संयुक्त रूपमा हेटौंडा-७ र ८ जोड्ने र नम्बर ६ र ७ जोड्ने पुलको उद्घाटन गरेका हुन् ।

पुल निर्माण भएसँगै खहरेका कारण हुने गरेको समस्याबाट यस वडाका सर्वसाधारणलाई राहत पाउने भएका छन् । हेटौंडा-नागस्वती-हटिया सडक खण्डअन्तर्गत् हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ र ७ जोड्ने हरियालीमा र हेको खहरेमा निर्माण भएको र वडा नम्बर ८ ओमनगर खहरेमा निर्माण गरिएका पुलको उद्घाटन गरिएको हो ।

वडा नम्बर ६ र ७ जोड्ने ११ मिटर लम्बाइको पुल १ करोड १९ लाख रूपैयाँको लागतमा निर्माण गरिएको हो भने वडा नम्बर ८ मा रहेको १४ मिटर लम्बाइको पुल ८२ लाख ३ हजार ९८६ रूपैयाँको लागतमा सम्पन्न गरिएको उपमहानगरपालिकाको कार्यालयले जनाएको छ ।


## कृषि विकास शाखाको अनुदान सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।१२।२५

थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका वर्षे फलफूलको बिरुवाहरु ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्म हरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्रमा बिरुवाको माग र रकम सहित यस शाखामा सम्पर्क राख्न हुनका लागि सूचित गरिन्छ ।

तपसिल:

| सि.नं. | बिरुवाको नाम | परल मूल्य अनुमानित | अनुदानित मूल्य ५०% | कैफियत |
|---|---|---|---|---|
| १. | कागती बिजु | रु.५०/- | रु.२५ /- | दर रेट घट बढ भए दिने/लिने |
| २. | सुन्तला कलमी | रु.१२० /- | रु.६० /- | |
| ३. | एभोकाडो | रु.१०० /- | रु.५० /- | |

आवश्यक कागजातहरू:

१. निवेदन- १ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुवैतिर देखिने गरी र इच्छुक कृषकको लागि नागरिकताको प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि १ प्रति ।

अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल: adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



# चित्लाङमा आयोजित प्रदेश तथा स्थानीय तहको योजना छनौट सम्बन्धी कार्यक्रम सकियो

◆ विकास संवाददाता

आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट निर्माणमा जुट्न थालेका स्थानीय सरकारलाई उत्कृष्ट योजना छनौट, आर्थिक स्रोत वृद्धि र व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर जिल्ला समन्वय समिति मकवानपुरले सहजीकरण गरेको छ । मकवानपुरको पर्यटकीय स्थल चित्लाङमा आयोजना गरिएको प्रदेश तथा स्थानीय तहको योजना छनौट सम्वन्धी कार्यक्रमको आयोजना गरेर जिससले स्थानीय सरकारका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतहरूलाई योजना छनौट र आर्थिक व्यवस्थापनका विषयमा अर्न्तक्रिया गरेको हो ।



कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव तथा प्रशासन विद डा. दामोदर रेग्मीले स्थानीय सरकारले योजना छनौट कसरी गर्ने ?, आर्थिक स्रोतको वृद्धि कसरी गर्ने ? र आर्थिक स्रोतलाई कसरी परिचालन गर्ने भन्ने विषयमा प्रस्तुती गरेको थिए । उनले अहिले स्थानीय सरकारहरूको योजना छनौट र बजेट निर्माण प्रक्रिया नै गलत रहेकाले सुर्धानु पर्नेमा जोड दिए । उनले योजनाको बैक बनाएर मात्र बजेट परिचालन गर्नुपर्ने बताए । अहिले हचुवाको भरमा योजना छनौट र बजेट निर्माण भइरहेको बताएका छन् ।

कार्यक्रममा पूर्व मन्त्री तथा प्रदेशसभा सदस्य कुमारी मोक्तानले बागमती प्रदेश सरकारले योजना बैंक बनाएर काम गर्ने अभ्यासको सुरूवात गरेको उल्लेख गर्दै स्थानीय सरकारले पनि योजना बैंक बनाएर र पञ्चवर्षीय रणनीति निर्माण गरेर काम गर्नुपर्ने बताइन् । उनले स्रोत व्यवस्थापन गरेर आवश्यकताका आधारमा योजनाहरूको छनौट हुनुपर्ने उल्लेख गरिन् ।

यस्तै पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले तीन तहको सरकार बीच योजना छनौटमा सहकार्य नहुँदा एउटै योजनामा तीनै तहले आआफ्नै हिसाबबाट काम गर्ने परिपाटी रहेको बताएका छन् । स्थानीय तहबाट योजना छनौट सही रूपमा गर्ने र स्थानीय तहबाट असम्भव योजना प्रदेश तथा संघमा पठाउने योजनामा वर्गीकरण नभएसम्म समस्या समाधान नहुने उनले उल्लेख गरे । पूर्वमन्त्री श्रेष्ठले स्थानीय सरकारले आप्नो आर्थिक स्रोतको पहिचान गर्दै वृद्धि गरेर अनुदानमा मात्र निर्भर हुने अहिलेको अवस्थाको अन्त्य गर्नु पर्ने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले योजना छनौटमा स्थानीय तह र प्रदेश बीच रहेको अन्यौलतालाई हटाउन कार्यक्रमको आयोजना गरिएको बताए । उनले आगामी आथिृक वर्षको योजना छनौटमा जुट्न लागेका स्थानीय तहहरूले अहिलेसम्म गरेका अभ्यास, परेका कठिनाई र समाधानका उपायहरू खोज्न कार्यक्रमले सहजीकरण गर्ने जनकारी दिए । प्रमुख घलानले ले योजनाहरूलाई दिगो, उपयोगी बनाउन जिसस मकवानपुरले स्थानीय तहसँग सधै सहकार्य गर्ने बताए ।


कार्यक्रममा जिल्लाका स्थानीय सरकारका प्रमुख तथा प्रशासकीय अधिकृतहरूले योजना छनौट र बजेट निर्माण तथा कार्यान्वयनका पाटोमा परेका समस्या राखेको थिए । उनिहरूले प्रदेश तथा संघ सरकारसँगको सहकार्य तथा अनुदानहरूमा भोगेका समस्याका बारेमा पनि छलफल भएको थियो ।

कार्यक्रममा जिससका उपप्रमुख सानुकाजी लुईंटेलले स्वागत मन्तव्य र जिल्ला समन्वय अधिकारी शान्ति विकले कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेका थिए । कार्यक्रममा जिल्लाका १० वटै पालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखाका अधिकृतहरूको सहभागीता रहेको थियो ।

# देउरालीबाट डलरको लोभ देखाएर १० लाख लुटियो

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका २ स्थित देउरालीबाट डलरको लोभ देखाएर लुटिएको छ । प्युठान जिल्ला बागदुला नगरपालिका ८ घर भएका सञ्जय केसीको साथमा रहेको १० लाख रूपियाँ लुटेर दुई जना फरार भएका इलाका प्रहरी कार्यालय भीमफेदी, मकवानपुरले जनाएको छ ।



हाल वतन थाहा नभएको सुरेश तामाङले ९७६९७६८१४९ बाट पटक पटक फोन सम्पर्क गरी निजलाई भेट गर्न आउँदा आफ्नो साथमा रहेको नगद १० लाख रूपियाँ लुटी भागेको बस्नेतले जिल्ला प्रहरी कार्यालय मकवानपुरको कन्ट्रोलमा जानकारी दिए ।

इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी नायव निरीक्षक भरत सिलवालले सुरेश तामाङसहितका व्यक्तिले केसीलाई आफूहरूसँग डलर छ भन्दै बोलाएर नगद पैसा लुटेर फरारभएको केसीले प्रहरीमा जानकारी गराएको बताए ।

उनका अनुसार सुरेश तामाङसहितका व्यक्तिले डलर आफूहरूसँग भएको र सटही गर्नु पर्ने भन्दै डलरको लोभ देखाएर लुटेर फरार भएको देखिन्छ ।

हाल वतन नखुलेको वर्ष अन्दाजी ३५/४० को जस्तो देखिने रातो क्याप टोपी लगाएको, ट्याकसुट र रातो टिसर्ट लगाएको र वर्ष अन्दाजी ३२/३३ को कालो पाइन्ट, निलो जुत्ता र माक्स लगाएको हुलिया भएको व्यक्तिहरूले लुटेर फरारभएको प्रहरीले जनाएको छ ।

# कैलाश गाउँपालिका र वाइन टु वाटर नेपालबीच सम्झौता

◆ विकास संवाददाता

मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा काम गर्नका लागि वाइन टु वाटर नेपाल (डब्लुडब्लुएन)सँग सम्झौता गरेको छ । गाउँपालिकाको कार्यालयमा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र वाइन टु वाटर नेपालको राष्ट्रिूय निर्देशक निजन श्रेष्ठबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ ।



साझेदार संस्था वाइन टु वाटर नेपालसँग गाउँपालिकाले खानेपानी र सरसफाई तथा स्वच्छता सेवा नपुगेका समूदाय, विद्यालय र स्वास्थ्य संस्थामा वास परियोजना कार्यान्वयन गरिने अध्यक्ष मुक्तानले बताए । विपन्न, पहुँच नपुगेका, गरिब तथा उपेक्षित घरधुरीलाई आधारभूत तथा मानवअभिकारको रूपमा स्थापित स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छताको पहुँचमा योगदान पुर्‍याउने लक्ष्य रहेको अध्यक्ष मुक्तानले बताए । 'तीन वर्षका लागि हामीले सम्झौता गरेका छौ, उहाँहरूले घरपरिवार, विद्यालय र स्वास्थ्य संस्थामा वास परियोजना लागू गर्नुहुनेछ'–मुक्तानले भने ।

परियोजनाका लागि गाउँपालिकाले वास परियोजनाको प्राथमिककता, छनोट र कार्यान्वयनको पक्षमा सहजिकरणको भूमिका खेल्नेछ । खानेपानी परियोजनाका लागि गाउँपालिकाले कूल बजेटको न्यूनतम २५ प्रतिशत साझेदारी गर्नेछ भने यो कार्य उपभोक्ता समितिमार्फत गराउने अध्यक्ष मुक्तानले बताए । कूल बजेटमा १० प्रतिशत उपभोक्ताले साझेदारी गर्ने र ६५ प्रतिशत वाईन टु वाटरले गर्ने संस्थाका कार्यक्रम प्रवन्धक यज्ञराज जोशीले बताए । हाम्रो तीन वर्षको सम्झौता हो, ०८५ असार मसान्तमा सम्झौताको मिति सकिन्छ, उनले बताए । सम्झौता अघि खानेपानी तथा सरसफाइ योजनाको पूर्ण सम्भाव्यता अध्ययन प्रतिवेदन माथि छलफल गरिएको थियो ।

अध्ययनको क्रममा १२ वटा योजनाको सम्भाव्यता अध्ययन गरिएको संस्थाका राष्ट्रिूय निर्देशक श्रेष्ठले बताए । आगामी आवका लागि ७ वटा योजना कार्यान्वयन गरिने गरी काम अघि बढाउने उनले बताए । समझदारी पत्रमा अध्यक्ष मुक्तान सहित प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, संस्थाको तर्फबाट राष्ट्रिूय निर्देशक श्रेष्ठ र कार्यक्रम प्रवन्धक यज्ञराज जोशीले हस्ताक्षर गरेका छन् । भौगोलिक विकट रहेको कैलाशमा यस परियोजनाका लागि साझेदारीमा कार्य गर्दा खानेपानी र सरसफाइको क्षेत्रमा थप टेवा पुग्ने अध्यक्ष मुक्तानले बताए ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।





समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# मकवानपुरमा चट्याङबाट २४ वर्षमा १ सय १६ जनाले ज्यान गुमाए

◆ विकास संवाददाता

गत ३१ चैतमा मकवानपुरमा चट्याङ लागेर एक जनाको ज्यान गयो । मकवानपुरको मनहरी गाउँपालिका–५ डिल्लीपुरमा चट्याङ लागेर स्थानीय २८ वर्षीय अविरल थिङले ज्यान गुमाए । आइतबार दिउँसो हावाहुरी पानीसँगै परेको चट्याङले लाग्दा उनको घटनास्थलमै ज्यान गएको थियो । सोही दिन चट्याङ लागेर दुई स्थानीयसमेत घाइते भए । घाइते हुनेमा स्थानीय मनहरी–५ का ६२ वर्षीय सिंह बहादुर गोले र १० वर्षीय सौगात गोले रहेका थिए ।

यसरी चालू आर्थिक वर्ष साउन यता मकवानपुरमा चट्याङ लागेर ६ जना घाइते भएका छन् भने एकको मृत्युसमेत भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । अघिल्लो आर्थिक वर्षमा चट्याङकै कारण १ जनाको मृत्यु भएको थियो भने ५ जना घाइते भएका थिए । यता जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरका सूचना अधिकारी राजेन्द्र प्रसाद कँडेलका अनुसार नेपालमा धेरै चट्याङ पर्ने जिल्ला मकवानपुर रहेको देखिएको छ । मकवानपुरमा प्राकृतिक प्रकोप चट्याङबाट सबैभन्दा धेरै मानवीय क्षति भएको देखिएको उहाँ बताउनुहुन्छ । साथै दोस्रोमा भूकम्प र तेस्रोमा बाढी तथा पहिरो रहेको पाइएको छ । विगत २४ वर्ष यता जिल्लामा विपद्मा परेर १ सय १६ जनाको मृत्यु भएको छ भने ८ सय ५० जना बेपत्ता तथा घाइते भएको पाइएको छ ।

सूचना अधिकारी कँडेलका अनुसार चट्याङ पूर्वानुमान गर्न नसकिने विपद्को सुचीमा रहेको छ । चट्याङ कहाँ कति बेला पर्न सक्छ भन्ने पूर्वानुमान नहुँदा यसको रोकथाममा समस्या रहेको छ । 'हामीले नागरिकलाई बर्षायाम सुरू भएपछि सचेतनामूलक सामग्री प्रसारण गरेर सचेत बनाउने प्रयत्न गरेका हुन्छौ । त्यो बाहेक यसको रोकथाममा अन्य विकल्प छैन ।' उनले भने ।

सूचना अधिकारी कँडेलका अनुसार मकवानपुरको पूर्व पश्चिम लोक मार्ग अन्तरगत मनहरी गाउँपालिका–७ मनहरी बजार, सुनाचुरी र लोथर चट्याङको उच्च जोखिममा रहेको छ । त्यस्तै पूर्व पश्चिम लोक मार्ग हेटौंडा–२, हेटौंडा–१५ चुरियामाई र हेटौंडा–१९ नेवारपानी चट्याङको जोमिममा रहेको छ । यता कान्तिलोकपथ सडक खण्ड अन्तरगत बकैया गाउँपालिका–११ ठिंगन, त्रिभुवन राजपथ सडक खण्ड अन्तरगत थाहा नगरपालिकाको दामन, सिस्नेरी सडक खण्ड अन्तर गत इन्द्रसरोवर गाउँपालिकाको ३, ४ र फाखेल सडक खण्ड उच्च जोखिममा रहेको छ ।

त्यस्तै त्रिभुवन राजपथ सडक खण्ड अन्तरगत भीमफेदी गाउँपालिका–१ भैंसे पनि चट्याङको उच्च जोखिममा रहेको छ ।कँडेलका अनुसार भौगोलिक बनावट चट्याङको जोखिम निम्त्याउन सक्ने प्रमुख कारण हो । चट्याङ न्यूनीकरणका लागि ठुला योजना निर्माण नभएता पनि चट्याङबाट प्रभावित पर्न सक्ने भौतिक संरचनाको समयमै व्यवस्थापन, पूर्वाधार निर्माणमा पूर्व योजना, सचेतनामूलक सामग्री प्रसारण लगायतका कार्य जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने गरेको उनले बताए ।

विकासका दृष्टिकोणले सहरी क्षेत्रमा अर्थिङ जडान हुने हुँदा त्यहाँ चट्याङको जोखिम न्यून हुने ग्रामीण क्षेत्रमा अर्थिङ जडान बिरलै हुने हुँदा उक्त क्षेत्रमा चट्याङको जोखिम उच्च रहने उनी बताउँछन् । जसको प्रत्यक्ष प्रभाव ग्रामीण भेगका बासिन्दा, किसान, ज्याला मजदुरी गर्ने मजदुर र खुल्ला छोडिएका पशु चौपायामा पर्ने गरेको छ ।


## मजदुरको हकहित संरक्षण गरौं !

– श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
– दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
– असुल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
– स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
– बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
– मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं ।

*सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार ।*



नेपाल सरकार
विज्ञापन बोर्ड



# इन्द्रसरोवरको लक्ष्मीनारायण कृषक समूहले बाँड्यो कृषि सामग्री

◆ विकास संवाददाता



मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ मा रहेको लक्ष्मी नारायण कृषक समूहले ५० प्रतिशत अनुदानमा कृषि उपकरणहरू वितरण गरेको छ । कृषि विकास कार्यालय चितवनबाट व्यावशायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत ८ वैशाखमा सामग्रीहरू वितरण गरिएको हो ।

इन्द्रसरोवर गाउँपालिकाकी उपाध्यक्ष उमा कुमारी लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कृषि विकास कार्यालय चितवनकी कृषि अधिकृत स्वस्तिका चौहान, पुनम पौडेल, लेखा अधिकृत हेमराज ढुङ्गाना, इन्द्रसरोवर गाउँपालिकाकी कृषि विकास अधिकृत मिना कुमारी थापा, कृषि प्राविधिकहरू सचिन विष्ट, कुमार पौडेललगायतकाको उपस्थिती रहेको थियो । लक्ष्मी नारायण कृषक समूहकी अध्यक्ष सरिता बस्नेतको सभाध्यक्षतामा भएको कार्यक्रममा किसानहरूलाई मिनिटिलर, विषादि छर्किने पम्पलगायतका सामग्रीहरू वितरण गरिएको हो । यसैबीच कृषि विकास कार्यालय चितवनको सहयोगमा इन्द्रसरोवरको सिम्लाङमा व्यवसायिक तरकारी खेती सम्बन्धी एकदिने घुम्ती तालिम सम्पन्न भएको छ ।






● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा–२ ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी